**२०७७ साल असोज १६ गते शुक्रवार बसेको मन्त्रिपरिषद्‌को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य ब्यहोरा निम्नबमोजिम छन् -**

१. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयः** प्रदेशको नामाकरण लुम्बिनी प्रदेश र दाङ जिल्लाको राप्ती गाँउपालिका,गढवा गाँउपालिका तथा अर्घाखाँची जिल्लाको शितगंगा नगरपालिकाले ओगटेको राप्ती नदी किनारको मैदानी भाग,राप्ती उपत्यका (देउखुरी) लाई प्रदेशको स्थायी राजधानी तोक्ने।

२. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयः** प्रदेश प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशकमा मोति प्रसाद शर्मा (जिल्ला बर्दिया) लाई नियुक्ति गर्ने ।

३. **आर्थिक मामिला तथा योजना मन्त्रालयः** कोरोना भाइरस (कोभिड-१९) नियन्त्रण तथा उपचार कोषमा अर्थविविध शिर्षक बाट रु.१० करोड रकम उपलब्ध गराउने ।

४. **उद्योग,पर्यटन वन तथा वातावरण मन्त्रालयः** यस मन्त्रालय अन्तरगत विभिन्न कार्यालयहरुको अस्थायी संगठन संरचना र दरबन्दी स्वीकृत गर्ने।

५. **भौतिक पूर्वाधार विकास मन्त्रालयः** यस मन्त्रालय अन्तरगत विभिन्न कार्यालयहरुको अस्थायी संगठन संरचना र दरबन्दी स्वीकृत गर्ने।